प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०९/२०

(बेलुका ५:०० बजे)

❖ बागमती प्रदेशको कोभिड सम्बन्धित समग्र जानकारीः

- ❖ बागमती प्रदेशमा जम्मा जनसंख्या ६२८३९९४* जना ।
- ❖ कोभिडकोलागि गरिएको पिसिआर परिक्षणको संख्या १०७६११७ जना ।
- ❖ कोभिडको संक्रमण (पिसिआर परिक्षण पोजीटिभ) संख्या १४३६२३ जना ।
- ❖ संक्रमण को पोजीटिभ दर १३.३४ प्रतिसत ।
- ❖ सबभन्दा बडी सक्रिय संक्रमण भएका तिन जिल्लाहरु काठमान्डौ, ललितपुर र भक्तपुर हुन् ।
- ❖ सक्रिय संक्रमण सबै जिल्लामा रहेको छ ।
- ❖ जम्मा आइसीयुको बेड संख्या ४१५, आइसीयुमा भर्ना भएको संख्या ६८।
- ❖ जम्मा भेन्टिलेटरको बेड संख्या १६०, भेन्टिलेटरमा भर्ना भएको संख्या १४।
- ❖ प्रदेशमा भएको पिसिआर प्रयोगशालाको संख्या ४३; सरकारी २० वटा, गैर सरकारीमा भएको २३ वटा ।
- ❖ पिसिआरको परिक्षण सरकारी संस्थामा ५२.६८% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको ) ।
- ❖ पिसिआरको परिक्षण गैर सरकारी संस्थामा ४७.३१% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको) ।
- ❖ आइसोलेसन, आइसीयु, भेन्टिलेटरको राम्रो तयारी रहेको ।
- ❖ एम्बुलेन्स सेवाको पूर्व तयारी राम्रो रहेको ।
- ❖ अन्य सुरक्षाको सामग्रीको पूर्व तयारी राम्रो रहेको ।
- ❖ समग्रमा संक्रमण घट्ने क्रममा रहेको तर कोभिड संक्रमणकोलागि हुने जोखिमका व्यवहार अझै उच्च रहेकोले उच्च सावधानी आपनाउनु पर्ने देखिन्छ ।

श्रोतः *HMIS projection FY १८/१९ र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/२०


## ❖ समग्र नेपाल र बागमती प्रदेशको संक्रमणको अवस्था बारे थप जानकारी :


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २६२२६२(१००%) | १४३६२३ (१००%) |
| निको भएको | २५५०८८ (९७.२६%) | १३९३२२ (९७.०२%) |
| उपचाररत | ५२८९ (२.०७%) | ३३६३ (२.३४%) |
| मृत्यु भएको | १८८५ (०. ७२%) | ९३८ (०.६५%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/२०

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०९/२०

यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ४४ | २४ | ६८ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | १३ | १ | १४ |

## ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| ललितपुर | १ | ७६ बर्षिय पुरुष |
| सिन्धुपाल्चोक | १ | ६० बर्षिया महिला |
| भक्तपुर | १ | ५४ बर्षिया महिला |
| जम्मा — ३ | | |

## ❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- ललितपुरका ७६ वर्षिय पुरुष कोभिड, मुटुमा समस्या र निमोनिया भएको कारणले पौष १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १७ गते निधन भएको छ । उहाँको पौष १७ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई उच्चरक्तचाप रोगको समस्या थियो।
- सिन्धुपाल्चोककी ६० वर्षिया महिला कोभिड र स्वासप्रस्वासमा भएको कारणले पौष १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १८ गते निधन भएको छ । उहाँको पौष १७ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई अन्य कुनै रोग थिएन।
- दोलखाकी ५४ वर्षिया महिला कोभिड र निमोनिया भएको कारणले पौष ११ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १८ गते निधन भएको छ । उहाँको पौष ११ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई उच्चरक्तचाप रोगको समस्या थियो।

❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २२१ जना बसिरहनुभएको छ भने ६९९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २७३४ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ६०४ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १०७६११७ जनाको पिसिआर परिक्षण गरिएको छ र १४३६२३ जनामा संक्रमण देखिएको छ ।थप विवरण निम्न बमोजिम रहेको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ५९६७१६ | ९७७४३ | १४० | |
| ललितपुर | २६८८४८ | १५४०० | २१ | |
| भक्तपुर | २४०८२ | ८९१८ | २४ | |
| रसुवा | ३५६० | २२८ | १ | |
| नुवाकोट | १०१७४ | १४४५ | १ | |
| धादिङ | ६४२५ | १७०५ | ६ | |
| चितवन | ६६१२३ | ७४८८ | ३ | |
| सिन्धुली | ४२४४ | ५७४ | १ | |
| मकवानपुर | ३४२११ | ४३५० | ५ | |
| रामेछाप | ३०४७ | ५५४ | ० | |
| दोलखा | ३३७५ | ७४९ | १० | |
| काभ्रेपलान्चोक | ४८६४३ | ३४९० | ६ | |
| सिन्धुपाल्चोक | ६६६९ | ९७९ | ३ | |
| जम्मा | १०७६११७ | १४३६२३ | २२१ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७७/०९/ )

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य:**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४१२२ | ३० | ३० | हेटौडा - ३<br>प्रसौनी-१<br>फोलोअप - ० | २६ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १७१७४ | विवरण प्राप्त हुन बाँकि रहेको । | | | | |
| त्रिशुली, नुवाकोट प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३७८३ | १७ | १७ | नुवाकोट-१<br>फोलोअप-१ | १५ | |
| भक्तपुरको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १२५६ | २६ | २६ | भक्तपुर-१<br>भक्तपुर-१ | २४ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p३.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय: https://covid१९.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/

-कोभिड-१९ संकट ब्यबस्थापन केन्द्र: ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-१९-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई